**<u>त्रिपुरासुन्दरी गाउँपालिकाको नवौं गाउँ सभा ०७८/०७९ले गरेका निर्णयहरु :</u>**

**निर्णय नं १.**

त्रिपुरासुन्दरी गाउँपालिकाका अध्यक्ष श्री शम्भुकुमार थापाले गाउँसभा समक्ष मिति २०७८/०३/१०मा प्रस्तुत गर्नु भएको यस गाउँपालिकाको आ.व. ०७८/०७९ को नीति तथा कार्यक्रमलाई आजको गाउँसभाले सर्बसम्मतिबाट स्वीकृत गरियो|

**निर्णय नं २.**

यस गाउँपालिकाका उपाध्यक्ष श्री देवी कुमारी बुर्लाकोटी(पाण्डे) ले गाउँसभा समक्ष मिति २०७८/०३/१० मा पेश गर्नु भएको आ.व. ०७८/०७९ को आयव्यय को अनुमान(बजेट बक्तब्य) लाई आजको गाउँसभाले सर्बसम्मतिले स्वीकृति गरियो |

**निर्णय नं ३.**

देहायबमोजिमका ऐनहरुलाई त्रिपुरासुन्दरी गाउँपालिकाको नवौं गाउँसभाले सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गरियो |

**<u>तपशिल:</u>**

क)त्रिपुरासुन्दरी गाउँपालिकाको आ.व.०७८/७९ को सेवा र कार्यहरुका लागि संचित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन २०७८

ख)त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक ऐन २०७८

**निर्णय नं ४**

चालु आ.व ०७७/०७८को आम्दानी तथा खर्चको संसोधित आय व्ययको विवरण र आगामी आ.व. ०७८/०७९ को लागि यस गाउँपालिकाको अनुमानित आय व्यय सहितको विवरण योजना ,कार्यक्रम र बजेट समेतलाई स्वीकृति गर्न  यो गाउँसभाबाट सर्बसम्मतिले निर्णय गरियो|

**निर्णय नं ५.**

आगामी आ.व. ०७८/७९ को बजेट नीति तथा कार्यक्रम (स्वीकृत वार्षिक आयोजना/कार्यकम समेत) आबश्यकता र औचित्यताअनुसार आबश्यक संसोधन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्न यो गाउँसभाले सर्बसम्मतिले निर्णय गरियो |

**निर्णय नं ६.**

आकस्मिक कार्यका लागि आकस्मिक कोष/ प्रकोप व्यबस्थापन कोषबाट रकम खर्च गरी तत्कालै सम्पादन गर्नुपर्ने अत्याबश्यककार्यहरु, सार्बजनिक महत्त्वका बिषयहरु , दैविक प्रकोपमा राहत र उद्दारका बिषयहरु, आयोजना कार्यक्रमका लागि संचित कोषको रकम खर्च गर्ने कार्य,मर्मत सम्भार कोषबाट रकम खर्च गर्ने कार्य र अन्य महत्वपूर्ण कार्यहरु सम्पादन गर्ने गराउने सन्दर्भमा पछि गाउँ सभाबाट अनुमोदन गर्ने गरीगाउँ कार्यपालिकाको निर्णय बमोजिम गर्ने गरी गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन  गर्न यो गाउँसभाबाट निर्णय गरियो |

**निर्णय ७.**

आगामी आ.ब ०७८/०७९ देखि उत्कृष्ट कार्य सम्पादन गर्ने निर्माण व्यबसायी/उपभोक्ता समितिलाई र उत्कृष्ट कार्य गर्ने गाउँपालिकाको कर्मचारीलाई मूल्यांकन समितिको सिफारिसको आधारमा उत्कृष्ट कार्यसम्पादन गरे बापत पुरस्कृत गर्न यो गाउँसभाबाट निर्णय गरियो |

**निर्णय नं ८.**

त्रिपुरासुन्दरी गाउँपालिका आ.व. ०७८/७९ मा तयार गरिने वार्षिक खरिद योजना तथा वार्षिक कार्यक्रम स्वीकृत गर्ने र कार्यसंचालन तालिका स्वीकृतिका लागि गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो |

**निर्णय नं ९.**

आ.व ०७४/७५ देखि स्वीकृत भएका आयोजना/ कार्यक्रमहरुको संचालन उपभोक्ता समितिबाट हुँदै आएकोमा कार्यक्रम संचालन भएको कार्यक्षेत्रमा (उपभोक्ता समक्ष उपभोक्ता समितिबाट स्थानीय जनप्रतिनिधिको रोहबरमा खर्च सार्बजनिकका साथै उपभोक्ताहरुबाट सार्बजनिक परीक्षण गरी सो को प्रतिबेदन प्राप्त भएपछि मात्र अन्तिम भुक्तानी दिइने र त्रिपुरासुन्दरी गाउँपालिकाको योजनासम्बन्धी दिग्दर्शन आ.व ०७५/०७६ देखि नै लागू भएकोले सो दिग्दर्शनमा भएका प्रावधानहरुलाई यस आ.व ०७८/०७९मा पनि निरन्तरता दिई लागू गर्ने निर्णय गरियो |

**निर्णय नं १०.**

आ.व ०७८/७९ का लागि त्रिपुरासुन्दरी गाउँपालिकाले गाउँपालिका क्षेत्रमा संचालन हुनेविभिन्न कार्यक्रम तथा आयोजनाहरुको समग्र अनुगमन तथा सुपरिबेक्षण गर्ने प्रयोजनका लागि बजेट निर्माण दिग्दर्शनले तोके बमोजिमको गाउँपालिकास्तरीय र वडास्तरीय योजना अनुगमन तथा सुपेरिबेक्षण समिति मार्फत गरी गराई विकास आयोजनाको अन्तिम भुक्तानी दिने निर्णय गरियो |साथै आयोजना /कार्यक्रमहरुको पर्यबेक्षकको कार्य गाउँपालिकाको अध्यक्षले गर्ने र सो अनुगमन तथा सुपेरिबेक्षण समितिले सार्बजनिक बिदा र कार्यालयको समयभन्दा बाहिर रहेर अनुगमन गरी निर्धारित ढाँचामा प्रतिबेदन पेश गर्नेछ, अनुगमन गर्दा सम्भव भएसम्म दुई वा सो भन्दा बढी आयोजना/कार्यक्रमको एकै पटक अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्ने र सो बापत अध्यक्ष,उपाध्यक्ष,वडा

अध्यक्ष र अधिकृतस्तरका कर्मचारीले एक पटकमा अनुगमन तथा सुपरिबेक्षणको प्रतिबेदन पेश गरे बापत रु १५००|- (पन्ध्र सय )र समितिको अन्य सदस्यहरु र सहायकस्तरका कर्मचारीहरुले रु १०००|-(एक हजार)अनुगमन भत्ता पाउने व्यबस्था यो गाउँसभाबाट सर्बसम्मतिले निर्णय गरियो |

**निर्णय नं ११.**

यस गाउँपालिकाअन्तर्गत करारमा कार्यरत रहेका तपशिल बमोजिमका कर्मचारीहरुको सेवा करारलाई आजको सभाले सर्बसम्मतबाट अनुमोदन गरियो | साथै २०७९ असारसम्मका लागि उनीहरुको करार सेवालाई निरन्तरता दिइने निर्णय समेत गरियो |

तपशिल

| क्र.स | नाम थर | पद | तह | कैफियत |
|---|---|---|---|---|
| १. | सुरेश रिजाल | सूचना प्रबिधि अधिकृत | छैटौ | |
| २. | गणेश बसौला | रोजगार संयोजक | - | कार्यक्रमबाट तलब भुक्तानी दिने |
| ३. | छन्द पुरी | प्राबिधिक सहायक | पाँचौ | कार्यक्रमबाट तलब भुक्तानी दिने |
| ४. | दिपक पुरी | सब-इन्जिनीयर | पाँचौ | |
| ५. | बिशाल खड्का | सब-इन्जिनीयर | पाँचौ | |
| ६. | सुनिल सडौला | सब-इन्जिनीयर | पाँचौ | |
| ७. | रोशन सिम्खंडा | MIS अपरेटर | पाँचौ | कार्यक्रमबाट तलब भुक्तानी दिने |
| ८. | निर्मला खत्री | कानूनी सहजकर्ता | पाँचौ | प्रदेशबाट तलब भुक्तानी दिने |

| | | | | |
|---|---|---|---|---|
| ९. | बिना सिटौला | उद्यम संयोजक | पाचौं | |
| १०. | रुपक थपलिया | उद्यम सहजकर्ता | चौथो | कार्यक्रमबाट तलब भुक्तानी दिने |
| ११. | सोमप्रसाद सापकोटा | खा.पा.स.टे | सहायक चौथो | |
| १२. | तिल कुमारी भुजेल | सहायक कम्प्युटर अपरेटर | सहायक चौथो | |
| १३. | नारायण थपलिया | कार्यालय सहायक | सहायक चौथो | |
| १४. | गंगा पाण्डे | सामाजिक परिचालक | सहायक चौथो | |
| १५. | कुमार अधिकारी | कार्यालय सहायक | सहायक चौथो | |
| १६. | रामबहादुर अधिकारी | कार्यालय सहायक | सहायक चौथो | |
| १७. | योगेन्द्र दाहाल | कार्यालय सहायक | सहायक चौथो | |
| १८. | हरिप्रसाद बुर्लाकोटी | कार्यालय सहायक | सहायक चौथो | |
| १९. | गणेश अधिकारी | सामाजिक परिचालक | सहायक चौथो | |
| २०. | भक्त बहादुर बिक | फिल्ड सहायक | सहायक चौथो | कार्यक्रमबाट तलब भुक्तानी दिने |
| २१. | बिनोद कुमाल | फिल्ड सहायक | सहायक चौथो | कार्यक्रमबाट तलब भुक्तानी दिने |
| २२. | शोभा गिरि | सामाजिक परिचालक | श्रेणीबिहिन | कार्यक्रमबाट तलब भुक्तानी दिने |
| २३. | चमेली पाण्डे | कार्यालय सहयोगी | श्रेणीविहिन | |
| २४. | शान्ति श्रेष्ठ | कार्यालय | श्रेणीविहिन | |

| | | | | |
|---|---|---|---|---|
| | | सहयोगी | | |
| २५. | निर्मला थापामगर | कार्यालय सहयोगी | श्रेणीविहिन | |
| २६. | बासु सापकोटा | कार्यालय सहयोगी | श्रेणीविहिन | |
| २७. | सरस्वती कंडेल | कार्यालय सहयोगी | श्रेणीविहिन | |
| २८. | सन्तोषी खांड | कार्यालय सहयोगी | श्रेणीविहिन | |
| २९. | गीताबल्लब तिमिल्सिना | कार्यालय सहयोगी | श्रेणीविहिन | |
| ३०. | विकेश कुमाल | कार्यालय सहयोगी | श्रेणीविहिन | |
| ३१. | हरि प्रसाद थपलिया | सवारी चालक | श्रेणीविहिन | |

**निर्णय नं १२.**

बिषयगत शाखाहरु स्वास्थ्य,कृषि भेटेनरीतर्फका तपशिल बमोजिमका कर्मचारीहरुको सेवा करारको अबधि आगामी २०७९ असार मसान्तसम्मका लागि थप गरी निरन्तरता दिने निर्णय गरियो |

**तपशिल**

**स्वास्थ्य शाखा**

| क्र.स | नाम थर | पद | तह | कैफियत |
|---|---|---|---|---|
| १. | सरोज श्रेष्ठ | हे.अ. | पाँचौ | प्रदेश |
| २. | लक्ष्मी श्रेष्ठ | हे.अ. | पाँचौ | प्रदेश |
| ३. | विनिता अधिकारी | स्टाफ नर्स | पाँचौ | प्रदेश |

| | | | | |
|---|---|---|---|---|
| ४. | सुरज थापा | रेडियोग्राफी | पाँचौ | प्रदेश |
| ५. | बिष्णु थापामगर | स्टाफ नर्स | पाँचौ | प्रदेश |
| ६. | सुमित्रा श्रेष्ठ | स्टाफ नर्स | पाँचौ | प्रदेश |
| ७. | सुबिधा तिमल्सिना | बिद्यालय नर्स | पाँचौ | |
| ८. | रुबिना सिम्खडा | बिद्यालय नर्स | पाँचौ | |
| ९. | सम्झना दनै | बिद्यालय नर्स | पाँचौ | |
| १० | प्रसंशा खकुराल | अ.न.मी | सहायक चौथो | |
| ११. | रुपा अधिकारी | अ.न.मी | सहायक चौथो | |
| १२. | अमिता राना | अ.न.मी | सहायक चौथो | |
| १३. | स्वरस्वती श्रेष्ठ सिम्खडा | अ.न.मी | सहायक चौथो | |
| १४. | कोपिला लामिछाने | अ.न.मी | सहायक चौथो | |
| १५. | लेनि गुरुङ | अ.हे.ब | सहायक चौथो | |
| १६. | संगीता कुँवर थपलिया | फार्मेसी सहायक | सहायक चौथो | |
| १७. | रिता तिमल्सिना | अ.हे.व | सहायक चौथो | |
| १८. | रिता भारती | अ.न.मि | सहायक चौथो | |
| १९. | आकृति सापकोटा | अ.हे.व | सहायक चौथो | |
| २०. | सिता परियार | ल्या.अ | सहायक चौथो | |
| २१. | संजु श्रेष्ठ | ल्या.अ. | सहायक चौथो | |
| २२. | अन्जना बुर्लाकोटी | का.स. | श्रेणीविहीन | |
| २३. | ठाकुर कुमाल | का.स. | श्रेणीविहीन | |
| २४. | सिता अर्याल | का.स. | श्रेणीविहीन | |
| २५. | भोज बहादुर थापा | का.स. | श्रेणीविहीन | |
| २६. | शंकर कुमाल | का.स. | श्रेणीविहीन | |
| २७. | नम्रता कुमाल | का.स. | श्रेणीविहीन | |
| २८. | ललिता वि.क | का.स. | श्रेणीविहीन | |
| २९ | सुस्मिता अधिकारी दाहाल | का.स | श्रेनिविहीन | |

## कृषि शाखा

| क्र.स | नाम | पद | तह | कैफियत |
|---|---|---|---|---|
| १. | सरस्वती दरै | ना.प्र.स | सहायक चौथो | |
| २. | निर्मल श्रेष्ठ | का.स | श्रेणीविहीन | |

## पशु शाखा

| क्र.स | नाम | पद | तह | कैफियत |
|---|---|---|---|---|
| १. | आयुब तामाङ् | ना.प्र.स. | सहायक चौथो | |
| २. | अनिल श्रेष्ठ | ना.प्र.स. | सहायक चौथो | |
| ३. | दिपेन्द्र शर्मा | का.स | श्रेणीविहिन | |

**निर्णय नं १३.**

यस गाउँपालिका कायम हुनु अघिको साबिक ५ ओटा गा.बि.स हरुको र गाउँपालिकाको आ व ०७५/०७६ सम्मको  लेखा परीक्षण प्रतिबेदनमा औंल्याएका जनप्रतिनिधि ,उपभोक्ता समिति र कर्मचारीहरुको नाममा रहेको बेरुजु प्रतिबेदन अनुसार अशुल उपर गर्नुपर्ने भए लगत खडा गरि असुल उपर गर्ने र नियमित गर्नु पर्ने भए प्रमाण संकलन गरी  बेरुजु नियमित गरि दिनकालागि म.ले.प. विभाग समक्ष सम्परिक्षणका लागि पेश गर्ने सर्बसम्मतिबाट निर्णय गरियो |

**निर्णय नं १४.**

यस त्रिपुरासुन्दरी गाउँपालिकाको मिति २०७७ आषाढ १० गतेकोसातौं गाउँसभाले पारित गरेको आ.ब. ०७७/०७८ को नीति तथा कार्यक्रम, विनियोजित बजेट रकम(चालु तथा पुँजीगत समेत) तथा आठौं गाउँसभाको मिति २०७७ पौष २९ गतेको सभाले संसोधन गरेको बजेट सहितको आयोजना तथा कार्यक्रममा भए गरेका खर्च तथा काम कारबाही लाई यो गाउँसभाको बैठकबाट अनुमोदन गरियो |

## निर्णय नं १५.

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संघ संस्थाहरु हेफर इन्टरनेशनल प्रोजेक्ट,टुकी नेपाल,आसमान नेपाल र सुहारा कार्यक्रमसंग आफ्नो वार्षिक योजना, कार्यक्रम र बजेट सहित यस गाउँपालिकामा आ.व ०७८/०७९ मा काम गर्न तथा साझेदारी गर्न प्रस्ताव पेश गरेमा औचित्यको आधारमा गाउँपालिकासँग सहकार्य गरी कार्यान्वयन गर्नका लागि गाउँकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो |

## निर्णय नं. १६.

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम आ.व ०७८/०७९ मा त्रिपुरासुन्दरी गाउँपालिकाको LISAसंग सम्बन्धित सूचकहरु प्राप्तिका लागि भू-उपयोग योजना,यातायात गुरुयोजना, ल्याण्डफिल्ड साइट योजना र विपद व्यबस्थापन योजनाहाल सम्म पनि नबनेकाले यस आ.व भित्रै निर्माण गर्न खरिद सम्बन्धी प्रक्रिया पूरा गरी कार्यान्वयन गर्ने निर्णय गरियो|

## निर्णय नं १७.

त्रिपुरासुन्दरी गाउँपालिकालाई आ.व. ०७८/०७९का लागि संघीय सरकार तथा बागमती प्रदेश सरकारबाट प्राप्त सामानीकरण अनुदान , बिशेष अनुदान, समपूरक अनुदान, साझेदारी कार्यक्रम ,राजश्वहरुको वांडफाँड रकम र

आन्तरिक स्रोतहरुको रकमसहित  सशर्त तर्फको बजेटलाई यो गाउँसभाले स्वीकृत गर्ने निर्णय गरियो |

**निर्णय नं १८.**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१), उपदफा (२),उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएका ऐन,नियम,निर्देशिका,कार्यविधि र मापदण्ड त्रिपुरासुन्दरी गाउँपालिकाको वेबसाइट www.tripurasundarimundhading.gov.npमा राखिने छ | आवश्यकता बमोजिम नयाँ कानून निर्माण गर्ने र गाउँपालिकाको वेबसाइटमा समेत राख्ने निर्णय गरियो |

**निर्णय नं .१९**

प्राबिधिक कर्मचारी (इन्जिनीयर र सब ईन्जिनियर)ले फिल्डमा खट्नुपर्ने हुँदा त्यस्ता  प्राबिधिक कर्मचारीहरु अमिनका लागि ४०००|- सव इन्जिनियर(करार समेत)का लागि प्रतिमहिना ५५००|- इन्जिनियरका लागि प्रतिमहिना रु ८५००|- का दरले फिल्ड भत्तादिने  यो गाउँसभाले सर्वसम्मतिबाट निर्णय गरियो |

**निर्णय नं .२०:**

आ.व ०७८/७९का लागि सँचालन हुने आयोजना /कार्यक्रमका लागि उपभोक्ताको सहभागी तथा अपनत्वका लागि १०% जनसहभागिता सहितको श्रमदान वा नगद योगदान गर्नुपर्नेनिर्णय गरियो |

**निर्णय नं २१:**

आ.व ०७८/७९ का लागिनिर्माण सामाग्री तथा मजदूरहरुको ज्यालादर जिल्लाबाट स्वीकृत जिल्ला दररेटलाई नै कायम गर्ने निर्णय गरियो |

**निर्णय नं २२:**

आ.ब ०७७/७८ को लागि गाउँसभाबाट स्वीकृति संचालनमा आएका आयोजना/कार्यक्रमहरु इस्टिमेटबमोजिम कार्यसम्पन्न भएको भनि गाउँपालिकाको सुपरिवेक्षण तथा अनुगमन समितिबाट स्थलगत अनुगमन भई प्रतिबेदन प्राप्त भएकोले उक्त आयोजना/कार्यक्रमलाई फरफारक गरी उपभोक्ता समिति/ समुदायलाई हस्तान्तरण गर्ने निर्णय यो गाउँसभाले सर्बसम्मतिबाट गरियो|

**निर्णय नं २३ .**

आ.व ०७८/०७९ का लागि पत्रपत्रिका ,संचारका माध्यमहरुमा दिइने शुभकामना ,चेतनामूलक सन्देशहरुको बिज्ञापन(ठेक्का सूचना प्रकाशन र डकुमेन्ट्री निर्माण र संचार गृहसँग सम्झौता गरेको रकम बाहेक )का लागि बढीमा एकपटकका लागि १०,०००| रुपयाँसम्म बिज्ञापन वापतको रकम सम्बन्धित संस्थालाई भुक्तानी दिने निर्णय गरियो|

**निर्णय नं २४**.

आ.व ०७७/०७८ मा ठेक्का लगाईएका तर काम बाँकी रहेका तपसिलका आयोजनाहरुको म्याद थप गरी यस आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी सम्बन्धीत ठेकेदार कम्पनीलाई निर्देशन दिने निर्णय गरियो|

क) सल्यानटार मूल सडक स्तरोउन्नति वार्ड नं १ र २

ख) गाउँपालिका र वडा कार्यालय भवन निर्माण वडा नं २ र ५

ग) त्रिपुरासुन्दरी भ्यू पार्क वडा नं ४

घ) PHC भवन निर्माण

**निर्णय नं २५.**

आ.व २०७७|७८ मा निर्माण सम्झौता भएको आवधिक योजना र मध्यमकालिन खर्च संरचना योजनाको म्याद थप गर्ने निर्णय गरियो |

**निर्णय नं २६**.

आ.व २०७७|७८ को २०७८ असार १० सम्मको वार्षिक बजेट खर्चको समिक्षा गरियो | बजेट खर्च अन्तर्गत चालु ५९.४% र पुँजीगत ३८.८२ % खर्चको विवरण अनुमोदन गर्ने निर्णय गरियो |

**निर्णय नं २७.**

यस आ.व २०७८|७९ मा प्राकृतिक प्रकोप विपदबाट क्षति भएका संरचना ,पशु ,धन , मानवीय क्षति बापत यथार्थ प्रमाणको आधारमा तपसिलको नगद राहत प्रदान गर्ने निर्णय गरियो |

तपसिल :

क) मानवीय क्षति( प्रति जना) किरिया खर्च रु.१५०००|-
ख) बाख्रा ,खसी (प्रति गोटा) रु. ३०००|
ग) राँगा,भैसी,गाई,गोरु (प्रति गोटा) रु. ५०००|-
घ) घर,टहरा,गोठ क्षति बापत रु. १०,०००|-

**निर्णय नं २८**.

यस आ.व २०७८|७९ मा संचालन हुने विकास आयोजनाहरुको रु. ५० लाख माथिका आयोजनाहरुको ठेक्का मार्फत कार्य गर्ने निर्णय गरियो |

**निर्णय २९.**

यस आ.व २०७८|७९ मा गाउँपालिकाका ७ वटै वडाहरुमा टोलविकास संस्था गठन गरी विकास आयोजनाहरुको कार्य संचालन गर्ने निर्णय गरियो |

**निर्णय नं ३०.**

आ.व २०७८|७९ मा स्थान बिशेषका आवश्यकता सम्बोधन गर्ने एकिकृत विकास योजना तयार गरी रु. १ लाख भन्दा तलका विकास योजनाहरुका लागि बजेट विनियोजन नगर्ने निर्णय गरियो |

**निर्णय नं ३१.**

आ.व २०७८|०७९ मा रु. १० लाख भन्दा माथिका विकास आयोजनाहरुको ५% रकम धरौटी खातामा राखी आयोजनाहरुको मर्मत सम्भार तथा दिगोपना दिने निर्णय गरियो |

**निर्णय नं ३२.**

आ.व २०७८|७९ का लागि गाउँपालिकाभित्रका सरकारी सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुका लागि मासिक १० लि. सहयोगी कर्मचारीहरुका लागि मासिक ५ लि. र प्रहरी चौकिहरुका लागि मासिक २० लि. पेट्रोल लगबुक राखी उपलब्ध गराउने निर्णय गरियो |

**निर्णय नं ३३.**

गाउँपालिकाबाट संचालित/निर्माण हुने ठूला योजना/आयोजनाहरु निर्माण गर्दा सम्झौता पश्चात उपलब्ध गराइने Mobilization ( मोबिलाइजेशन)रकमको सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा जे जस्तो प्रावधान उल्लेख गरिएको भएता पनि यस गाउँसभाले उक्त आयोजनाहरु निर्माण गर्ने ठेकेदार कम्पनीलाई Mobilization ( मोबिलाइजेशन) रकम

उपलब्ध नगराइने र निर्माण कामको प्राबिधिक मूल्यांकन आधारमा भुक्तानी दिने निर्णय गरियो |

**निर्णय ३४.**

आ.व ०७७/७८ मा नदिजन्य राजश्व ठेक्का १/०७७/७८ र २/०७७/७८ मा कोभिड -१९ का कारण नदिजन्य सामग्री उत्खनन तथा निकासीमा प्रभाव पारेकोले सम्झौता रकमको १५ % र राजश्व ठेक्का ३/०७७/७८ र ४/०७७/७८ मा २० % छुट गर्ने निर्णय गरियो |साथै सत्यकमल निर्माण सेवा राजश्व ठेक्का १/०७७/७८ ले सम्झौता अनुसार जम्मा गरेको रकम मध्ये २,२५,४६६|७३ रकम उक्त निर्माण सेवालाई गाउँपालिकाको विभाज्य कोष खाताबाट फिर्ता गर्ने निर्णय गरियो|

**निर्णय नं ३५.** यस गाउँपालिका आ.व २०७६|२०७७ को स्वमूल्यांकन (LISA) नतिजा ४७.२५ अंक आएकोमा LISA INDICATOR १०० मध्ये पुरागर्नु पर्ने मापदण्डहरु जनप्रतिनिधि र कर्मचारीहरुको संयुक्त प्रयासबाट अभिवृद्धि गर्दै लैजाने निर्णय गरियो |

**निर्णय नं ३६**. आ.व २०७७|७८ मा न्यायिक समितिबाट भए गरेको कार्यहरुको प्रतिबेदन अनुमोदन गर्ने निर्णय गरियो|

**निर्णय नं ३७.**

आ.व ०७८/७९ बाट गाउँपालिका र अंतर्गत्काक वडा कार्यालयहरुमा कार्यरत अस्थायी/करार कर्मचारीहरुको कल्याण र हितका लागि निजहरुले साविकमा खाईपाई आएको मासिक तलबमा गाउँपालिकाबाट रु. २०००|- थप गर्ने र निजहरुको तलबबाट मासिक रु. २००० कट्टा गरी हुन आउने जम्मा रकम .रु ४०००|- आ.व २०७८/७९ को श्रावण महिनादेखि लागु हुने गरी कर्मचारी

कल्याणकारी कोषमा जम्मा गर्ने र करार सेवाबाट हटेको अवस्थामा उक्त रकम सम्बन्धित कर्मचारीलाई एकमुष्ट उपलब्ध गराउने निर्णय गरियो |

**निर्णय नं ३८.**

गाउँपालिका भित्रका प्राथमिक स्वास्थ्य केन्द्र ,स्वास्थ्य चौकी,आधारभूत स्वास्थ्य इकाई र स्वास्थ्य बिन्दुहरुमा कार्यरत स्वास्थ्य कर्मचारीहरुलाई हाल मासिक रुपमा खाइपाई आएको तलब भत्तामाआ.व ७८/७९ देखि लागू हुने गरी रु.२००० थप गर्ने निर्णय गरियो |

**निर्णय नं ३९.** यस आ.व ०७८/७९ मा गाउँपालिकाबाट प्रकाशित सूचनाहरु राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्दा ठेक्का सम्झौता गर्दा सम्झौता भएको बिज्ञापन कम्पनीमार्फत  प्रकाशित गर्ने निर्णय गरियो|

**निर्णय नं ४०.**सङ्घीय सरकारले तोकेको स्वास्थ्य मापदण्ड बमोजिम दिर्घ रोग लागेका यस गाउँपालिकामा स्थायी रुपमा बसोबास गर्ने नागरिकलाई आवश्यक कागजात पेश भए पश्चात यातायत खर्च बापत एकपटकका लागि प्रतिव्यक्ति रु. १०,०००| दिने निर्णय गरियो|

**निर्णय नं ४१.**

यस आ.व २०७८|०७९ मा खानेपानी तथा सिंचाई पाइप र तारजाली वितरणका लागि आवश्यक प्रक्रिया पूरा गरी गाउँपालिकाबाट ६०% र सम्बन्धित संस्था वा व्यक्तिहरुबाट ४०% गरी साझेदारीमा खरिद गरी वितरण गर्ने निर्णय गरियो |

**निर्णय नं ४२**.

यस आ.व २०७८/७९ मा सङ्घीय सरकारबाट बजेट शिर्षक नं ३७००१०३( सहलगानी) कम्पोनेन्ट नं ११.४.२.१ मा ठूलोबेसी मुलपानी मुर्चोक सडक निर्माणका लागि रु. १ करोड बजेट विनियोजन भई वित्तीय हस्तान्तरण भई आएकोमा सहलगानी निर्देशिका बमोजिम सो सडक आयोजनाका लागि स्थानीय

सरकारले व्यहोर्ने अंश लागत समेत छुट्ट्याई बजेटको सुनिश्चित गरिएको हुनाले बहुवर्षीय आयोजनामा समाबेश गरी आयोजनालाई अगाडी बढाउनका लागि सङ्घीय सरकार अर्थ मन्त्रालयलाई सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो |

निर्णय नं ४३.

यस आ.व ७८/७९ को वार्षिक वडा र गाउँपालिकाको विनियोजित पुँजीगत बजेटबाट ३% कन्टिनजेंसी कट्टा गरी नियामाअनुसार आवश्यक काममा खर्च गर्ने निर्णय गरियो |

निर्णय नं ४४.

सङ्घीय सरकार सहलगानी कोष र मन्पांग खोला खानेपानी मूल उपभोक्ता समिति बीच सम्झौता भए बमोजिम यस गाउँपालिकाको वडा नं १ र २ सल्यानटार बासी जनतालाई खानेपानी उपलब्ध गराउनका लागि सहलगानी कोषबाट ठेक्का प्रक्रिया अगाडि बढाउनका लागि मन्पांग खोला खानेपानी मूल उपभोक्ता समितिको माग बमोजिम सम्झौतामा उल्लेख भए बमोजिमको समयसिमा भित्र बुझाउने गरी यस आ.व मा वडा नं १ र २ ले मन्पांग खोला खानेपानी आयोजनाका लागि  छुट्टाएको रकम रु १ करोड मन्पांग खोला खानेपानी मूल उपभोक्ता समितिको नाममा सापटी दिने निर्णय गरियो |